नगर कार्यपालिकाको ४०. औं बैठक

आज मिति २०८१।११।२६ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगा लाल सुवेदी | |

आमन्त्रीत:

प्र.स्वा.अ.- कमल प्र. पाण्डे

ले.अ. - इश्वरी प्र. तिवारी

निर्णय नं. – १

मिति २०८१/१०/२४ गते बसेको बैठकको निर्णय सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. – २

सामुदायिक वन उपभोक्ता महासंघ, स्याङ्जाको पत्रानुसार सामुदायिक वन उपभोक्ता समितिहरुले पछिल्लो तीन वर्षको लेखा परीक्षण प्रतिवेदन सहित अन्य आवश्यक कागजातहरु पेश गरेर आन्तरिक राजश्व कार्यालयबाट पान नम्बर लिनुपर्ने कानूनी व्यवस्था भएकोले वालिङ नगरपालिका क्षेत्रभित्र रहेका ८८ वटा सामुदायिक वन उपभोक्ता समितिहरु मध्ये आफ्नो आय नभएका समितिहरुको निमित्त एक पटकका लागि यही २०८१ साल फाल्गुण मसान्त भित्र लेखा परीक्षण गरी पान नम्बर लिने सामुदायिक वन उपभोक्ता समितिहरुको लागि कानूनी दायरामा आउन एवं वन संरक्षण गर्न प्रोत्साहन स्वरुप प्रति समिति रु. ३०००/- का दरले वन वातावरण शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. – ३

आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पूर्ण अशक्त अपाङ्गताका लागि स्याहार कार्यक्रम बापत रु. ४,००,०००/- बजेट विनियोजन गरिएकोमा अपाङ्गता सम्बन्धी कार्यविधि अनुसारको स्थानीय समन्वय समितिको सिफारिस बमोजिम उक्त रकमले पुग्ने समयका लागि नगरपालिकाले जारी गरेको अपाङ्गता भएका व्यक्तिहरुको अभिभावकहरुका लागि रु. ५००/- दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. – ४

वालिङ नगरपालिकामा कार्यरत लेखा अधिकृत आठौं ज्ञान प्रसाद अर्याल बढुवा भई कोलेनिका पर्वतमा कार्य गर्न नियक्ति बुझी रमना लिनु भएकोले अर्को लेखा प्रमुख नआउँदासम्मको लागि नगरका सबै प्रकारका सरकारी खाता सञ्चालन गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ७(२) बमोजिम प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदी र लेखा अधिकृत छैठौं ईश्वरी प्रसाद तिवारीको संयुक्त दस्तखतबाट गर्न कोलेनिका, स्याङ्जामा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. – ५

आ.व. २०८१/०८२ को सूचिकृत वार्षिक कार्यक्रम अन्तर्गत वालिङ नगरपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्नका लागि बालमैत्री स्थानीय शासन निर्देशिका, २०७८ को नियम १० क (१) अनुसार प्रथम चरणमा बजार क्षेत्रका वडाबाट कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं. – ६

सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत योजना आ.व. २०८२/०८३ मा सञ्चालन गर्ने आयोजना यही २०८१ फाल्गुण मसान्तसम्म अनलाइनमा प्रविष्टि गरिसक्नु पर्ने हुँदा हरेक वडाले २/२

वटा योजनाहरु २०८१ फाल्गुण २७ गतेसम्म कार्यालय समयभित्र उपलब्ध गराउने साथै तोकिएको समयमा नगर प्रमुखज्यूले आवश्यक परामर्श गरी आयोजना छनौट गरी प्रविष्ट गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. — ७

नगरपालिकाले आँधिखोलामा रहेको गिट्टी बालुवा आदि नदीजन्य सामग्री बिक्री गर्नका लागि टेण्डर आव्हान गरिएकोमा दुई वटा घाटको ठेक्का लागि सकेको र एक खण्ड ठेक्का नलागेको हुँदा समय समयमा चोरी भएको गुनासो आएको एवं आन्तरिक आयमा समेत असर परेकोले उक्त क्षेत्रका नदीजन्य सामग्री नगरपालिकाका कर्मचारीको उपस्थितिमा नगरका उपलब्ध सवारी साधन र नपुग भएका सवारी साधन भाडामा समेत लिई वडा प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति स्याङ्जासँग समन्वय तथा जानकारी गराई आवश्यकता अनुसार मेसिन प्रयोग गरी निकालेर नगर क्षेत्रभित्र सञ्चालित संघ/प्रदेश/नगरपालिका तहका ठूला सडक निर्माण आयोजना, निवेदन प्राप्त वालिङ भुम्रे अर्चलबोट सडक आयोजना (२५०० घनमिटर माग) लगायत अन्य नगरका आयोजनाहरुलाई नियमानुसारको राजश्व/शुल्क लिई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. — ८

साविक गाविसहरु यस नगरपालिकामा गाभिँदा बनेका घरहरुको अभिलेखिकरणको कार्य भईरहेको नै छ । साविक वालिङ नगरपालिका क्षेत्रमा बनेका अव्यवस्थित घरहरुको अभिलेखिकरण गर्ने सम्वन्धमा विद्यमान कानूनी आधार के रहेको छ एवं छिमेकी नगरपालिकाका अभ्यासहरुलाई समेत मध्यनजर गरी कसरी कार्य गर्न सकिन्छ अध्ययन गरी प्रतिवेदन पेश गर्न प्राविधिक शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. — ९

नगर क्षेत्रभित्र रहेका कच्ची, ग्राभेल र पक्की सडकहरुको लम्बाई शुरु बिन्दु, मध्य बिन्दु हुँदै अन्तिम बिन्दुसम्मको स्थान खुल्ने गरी नालाको अवस्था, लम्बाई समेतको विवरण लिन र सो बाटोको प्रस्ताबित नामाकरण समेत पेश गर्नका लागि वडा समिति र सम्बन्धित वडाका प्राविधिकहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. — १०

वालिङ नगरपालिकामा सब-ईन्जिनियर पदमा कार्यरत कर्मचारी भूमिका पौडेलले आगामी शैक्षिक सत्र २०८२ देखि २ वर्षका लागि M.E. अध्ययनका लागि निवेदन दिनु भएकोमा नियमानुसार प्रक्रिया पुरा गरी दुई वर्षे बेतलबी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. — ११

प्रथम पिङ्क सिटी वालिङ महोत्सव, २०८१ नगरपालिकाको खेल मैदानमा सञ्चालन भइरहेको अवस्थामा सो स्थान प्रयोग गरेबापत जग्गाभाडा स्वरूप प्रतिदिन १० हजार रुपैयाँका दरले १२ दिनको १ लाख २० हजार रुपैयाँ, विभिन्न प्रकारका ४३० वटा व्यवसायिक स्टल राखेको र सोबाट निस्कने फोहोर व्यवस्थापनका लागि दैनिक सरदर रकम रु. ३८.७५ का दरले हुन आउने रकम रु. २ लाख, फुटकर व्यवसायीहरुलाई प्रति स्टल रु. ८४० का दरले हुन आउने रकम ३ लाख ६१ हजार २०० रुपैयाँ, विभिन्न प्रकारका पिङ लगायतका मनोरञ्जन गराउने खेल प्रकार/ सामग्रीहरू प्रयोग गरेबापत प्रति खेल सामग्री रु २० हजारका दरले १५ वटा खेल प्रकार /सामग्रीहरूको रकम रु. ३ लाख एवम् प्रवेश टिकटमा नियमानुसार लाग्ने ५% मनोरञ्जन कर लगायत अन्य कर उपलब्ध गराउन महोत्सव आयोजक चेम्बर अफ कमर्स वालिङ, स्याङ्जालाई पत्राचार गर्ने र उक्त रकम उपलब्ध गराउनका लागि आवश्यक सहजीकरणको निमित्त इलाका प्रशासन कार्यालय, वालिङ र वडा प्रहरी कार्यालय, वालिङलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. — १२

सेवा शुल्क सम्बन्धीः

क) वैदेशिक रोजगारको सन्दर्भमा व्यक्तिगत श्रम स्वीकृति प्रदान गर्ने प्रयोजनको लागि यस नगरपालिकामा रोजगार सेवा केन्द्र मार्फत कागजात प्रणालीमा अपलोड गरी दिएबापत् सेवा शुल्क स्वरूप रु. २०० लिने निर्णय गरियो।

ख) नगरपालिकाको पशुसेवा शाखाबाट घरपालुवा कुकुरहरूको सामान्य स्वास्थ्य परीक्षण एवं रेबिज विरुद्धको खोप लगाएबापत् प्रति कुकुरलाई रु. १०० सेवा शुल्क लिने निर्णय गरियो।

ग) नगरपालिकामा रहेको थेडोलाइट प्रयोग गरेबापत प्रतिदिन रु. १,००० (एक हजार रुपैयाँ) भाडा रकम लिने निर्णय गरियो।

निर्णय नं. — १३

वडा वडामा रहेका विभिन्न प्रकारका व्यवसायहरु दर्ता गर्नका लागि कर स्वयंसेवक र सम्बन्धित वडाका जनप्रतिनिधिहरु समेत रही अभियानको रुपमा व्यवसाय दर्ता तथा नवीकरण गर्ने एवं नियमानुसार अटोरिक्साहरूको दर्ता तथा नवीकरण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्ने निर्णय गरियो।

नगर कार्यपालिकाको ५१ औं बैठक

आज मिति २०८१।१२।२६ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगा लाल सुवेदी | |

आमन्त्रीत

श्री.स्वा.अ. कान्त प्र.पाण्डे

लेखा - ईश्वरी प्र. तिवारी

निर्णय न. १.

मिति २०८१ साल फाल्गुण २६ गतेको बैठकका निर्णयहरूको समीक्षा गरियो।

निर्णय न. २.

नगर उपप्रमुख श्री कविता तिवारीज्यू को अध्यक्षतामा गठित कृषि उपसंकलन केन्द्रको भवन निर्माणस्थल छनोट गरी सिफारिस गर्ने समितिको मिति २०८१ फागुन ४ गतेको निर्णयअनुसार वालिङ नगरपालिका वडा नम्बर ९ भुम्रे सात धारामा निर्माणाधीन अवस्थामा रहेको विकास सीप तालिमकेन्द्रको भवनमा संकलन केन्द्र स्थापना गर्नका लागि संघिय सरकारको शसर्त अनुदान अन्तरगत पूजिगत तर्फको कृषि उपज संकलन केन्द्र निर्माणका लागि रु, १५ लाख विनियोजन भएकोमा सो रकमबाट उक्त स्थानमा निर्माणाधिन अवस्थामा रहेको सिप विकास तालिम केन्द्र स्थापना गर्दा कृषि उत्पादन र सोको बजारीकरण गरी व्यवसायिकता प्रवर्धन गर्ने राम्रो सम्भावना हुने देखिएको भनी सिफारिस भई आएकोले उक्त भवनमा एक कोठा निर्माण गरी कृषि संकलन केन्द्र सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय न. ३.

वालिङ नगरपालिका कार्यालयको मिति २०८१।०९।२५ गतेको वोर्ड बैठकको निर्णय नं ११ वमोजिम सिरुवारे हुदै माझकोट ३ नं. वडा कार्यालय जाने सडक( कटकेरी, सिंगारकोट, वडा कार्यालय सम्म )स्तरोन्नतिका लागि आवश्यक वजेट ब्यवस्थापन गरी वोलपत्र आव्हान गरि प्रकृया अगाडी वढाउने भनी निर्णय भएकोमा नगर स्तरिय योजनाको रुपमा रु.१५ लाख विनियोजन भई काम भैरहेको अवस्थामा उक्त कार्य लाई निरन्तरता दिई सोहि समितिबाट काम गर्ने भनि माग भई आएकोले चालु आ व को वित्तिय समानिकरण अनुदान अन्तरगत लागत साझेदारिमा ( समपुरक अनुदान ) विनियोजित भएको रकमबाट खर्च व्यवस्थापन गर्ने गरि रु, ५० लाख रकम विनियोजन गरि सोही उपभोक्ता समितिसंग योजना सम्झौता गरि शिघ्र कार्य गराउने निर्णय गरियो ।

निर्णय न. ४.

वालिङ नगरपालिका र रूम टु रोड बीच भएको समझदारी पत्र अनुसार २० वटा सामुदायिक विद्यालयहरूका कक्षा १ र २ मा विविध शैक्षणिक क्रियाकलापहरू भइरहेकोमा आगामी दुई शैक्षिक सत्रका लागि थप २० वटा सामुदायिक विद्यालयहरूमा शैक्षणिक क्रियाकलाप गर्न पेश भएको प्रस्ताव पत्र अनुसार सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं. ५.

वालिङ नगरपालिका वडा नं. ६ को शहरी स्वास्थ्य केन्द्र र वडा कार्यालयसंगै पछाडि रहेको जग्गा कित्ता नं. २७८ मा खेलकुद विकासका लागि कर्भडहल वनाउने निर्णय गरियो ।

निर्णय नं. ६.

यस वालिङ नगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको आँधिखोला वहुउद्देशिय जलविहार परियोजनालाई सार्वजनिक निजि साझेदारीको अवधारणा अनुसार आँधिखोलामा परियोजना निर्माण प्रकृया अगाडी वढाउन लगानी वोर्डको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७.

वालिङ न पा वडा नं. ८ मालेबगर स्थित खेलमैदानसंग जोडिएको श्री भिमप्रसाद पाण्डे समेतको जग्गाहरु भाडामा लिई खेलमैदानको रुपमा प्रयोगका लागि मिति २०८१।११।९ गतेको नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय न. ८.

वडाहरुबाट वर्षादको समयमा सडक अवरोध हुने भएकोले विरामी लगायत यात्रुहरुको लागि यातायात सहजरुपमा संचालन गर्न वाढी पैह्रो व्यवस्थापन तथा कच्ची नाला निर्माण कार्य समेत गर्नका लागि हाल भएको व्याकहो लोडर पुरानो भएको र बढी मात्रामा मर्मत कार्य गरि राख्नु पर्ने भएकोले वडाहरुबाट कार्य गर्नका लागि अत्याधिक माग भएकाले एकवटा व्याहाको लोडर खरिद कार्य गर्न अतिनै आवश्यक भएको हुँदा क्याटगल / ब्रोसर सपिङ विधिद्वारा एक वटा व्याकहो लोडर खरिद कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ९.

नेपाल नगरपालिका सङ्घको भवन निर्माणको लागि मध्यपुर थिमी नगरपालिकास्थित सङ्घको जग्गामा निर्माण हुने भनी आर्थिक सहायता माग भएबमोजिम नियमअनुसार प्रक्रिया पुराई निर्माण कार्य सुरु भए पश्चात रु ५ लाख रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय न.१०.

नगरपालिकाको फोहोर व्यवस्थापन गर्ने सरसफाई केन्द्रलाई उपयुक्त प्रविधि प्रयोग गरी थप व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि सार्वजनिक निजि साझेदारी ऐन एवं फोहोरमैला व्यवस्थापन ऐन बमोजिम प्रक्रिया अगाडि बढाउने र जग्गाको क्षेत्रफल जग्गाको, सम्झौता सरसफाई शुल्क, व्यवस्थापन सम्झौताको अवधि, नगरको दायित्व आदि विविध पक्षहरूमा अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

दण्डपानी पंगेनी संयोजक विपत समिति

पदमराज गुरुङ- प्रवक्ता एवं वडा नम्बर १

अध्यक्ष सुनिल खनाल - वडा अध्यक्ष वडा नम्बर १०

इन्जिनियर ध्रुव रेग्मी - प्राविधिक शाखा

मणिप्रसाद रेग्मी शाखा प्रमुख- विपत शाखा।

निर्णय न.११.

हुलाक कार्यालयको वालिङ स्थित भवनमा रङरोगन गर्नका लागि आर्थिक सहायता माग भएकोमा लई बमोजिमको रकम साना पूर्वाधार शीर्षकबाट खर्च लेख्ने गरी सहयोग गर्ने निर्णय गरियो ।

निर्णय न.१२.

होला प्रहरी कार्यालय वालिङको पत्र अनुसार नगर क्षेत्रमा जडान गरिएका सिसी क्यामेराहरू मर्मत तथा थप क्यामेरा जडान गर्न अनुरोध भइ आएकोले तत्काल मर्मत गर्नुपर्ने कार्य गर्नुपर्ने कार्यमा गर्ने र सोकोलाई खर्च हुने रकम सूचना प्रविधि शीर्षकबाट भुक्तान गर्ने निर्णय गरियो ।

निर्णय न.१३.

वालिङ नगरपालिका को कार्यपालिकाका सदस्यहरूको पूर्वी नेपालका पालिकाहरूको अध्ययन अवलोकन भ्रमण गरी अनुभव आदानप्रदान गरिएकोमा सोको प्रतिवेदन पेश भयो र सोको लागि लागेको खर्च अनुमोदन गरियो।

निर्णय न.१४.

निर्माण सम्पन्न भएको गह्रौ प्राथमिक अस्पताल (१५ सैयाको अस्पताल ) को अन्तीम भुक्तानीका लागि तेस्रो पक्षबाट सम्पूर्ण निर्मित संरचनाको अनुगमन, मूल्याङ्कन तथा गुणस्तर परिक्षण गराई तेश्रो पक्षको सिफारिसको आधारमा भेरीएसन समेतको अन्तीम किस्ता रकम भुत्तानीको लागि स्वास्थ्य मन्त्रालयमा रकम माग गर्ने निर्णय गरियो र साथै रकम निकासा भए पछि नियमानसार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय न. १५

एन्फा महिला फुटबल प्रतियोगिताको दोस्रो चरणको खेलमा भाग लिंदा खर्च भएको रकम भुक्तान गर्ने निर्णय गरियो।

निर्णय न. १६

यस वालिङ नगरपालिका अन्तर्गतका रहेका विभिन्न स्वास्थ्य संस्थाहरूको पूर्वाधार निर्माणका लागि वजेट् माग गरिएकोमा केही वडाहरू तोकी संघीय सरकार स्वास्थ्य मन्त्रालयबाट पूर्वाधार निर्माणका लागि रु.७९ लाख ३७ हजार रकम विनियोजन भएको हुँदा स्वास्थ्य संस्थाहरूको आवश्यकता, प्राथमिकता, माग एवं स्थलगत निरीक्षणका आधारमा वडा नम्बर ५, ८, ९, १०, ११, १२, १३ र १४ का स्वास्थ्य संस्थाहरुमा प्रति स्वास्थ्य संस्था रु.१० लाख नबढ्ने गरी समानुपातिक रूपमा बजेट विभाजन गरी घेराबार, पर्खाल, शौचालय लगायतका निर्माण कार्यहरू प्राविधिकले तयार गरेको लागत अनुमान अनुसार शीघ्र कार्य गर्ने निर्णय गरियो।

| सि.न. | स्वास्थ्य संस्थाहरुको विवरण |
|---|---|
| १ | स्वास्थ्य चौकी घेराबार, पर्खाल, शौचालय निर्माण वालिङ ५ |
| २ | काफलडाडा शहरी स्वास्थ्य केन्द्र संरक्षण वाल, घेराबार निर्माण वालिङ ८ |
| ३ | शहरी स्वास्थ्य केन्द्र घेरावार तथा वाल निर्माण वालिङ ९ डुडखोला |
| ४ | शहरी स्वास्थ्य केन्द्र संरक्षण तथा वाल निर्माण वालिङ १० |
| ५ | कागतीभज्याङ शहरी स्वास्थ्य केन्द्र संरक्षण वाल निर्माण वालिङ ११ |
| ६ | स्वास्थ्य चौकीमा शौचालय निर्माण वालिङ १२ |
| ७ | शहरी स्वास्थ्य केन्द्र घेराबार, वाल निर्माण वालिङ १३ |
| ८ | डुम्रेभज्याङ शहरी स्वास्थ्य केन्द्र ट्रस, वाल निर्माण वालिङ १४ |

नगर कार्यपालिकाको ५२ औं बैठक

आज मिति २०८२।२।२९ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | [signature] |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैहे | [signature] |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | [signature] |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | [signature] |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | [signature] |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | [signature] |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | [signature] |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | [signature] |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | [signature] |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | [signature] |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | [signature] |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | [signature] |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | [signature] |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | [signature] |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | [signature] |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | [signature] |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | [signature] |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | [signature] |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | [signature] |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | [signature] |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | [signature] |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | [signature] |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | [signature] |
| २५ | सचिव | श्री गंगा लाल सुवेदी | [signature] |

आमन्त्रित

प्र.प्रा.अ. - कमल प्र. पाण्डे [signature]

ले.अ. - ईश्वरी प्र. तिवारी

निर्णय नं.- १,

मिति २०८१।१२।२६ गतेको बैठकको समिक्षा गरियो।

निर्णय नं.- २,

आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम मिति २०८२ साल असार १० गते नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो।

निर्णय नं.- ३

बालिङ नगरपालिका वडा नं.- ४ स्थित जेठी कन्या आ.वि. को भवन निर्माणको लागि यस आ.व. मा रु ६ लाख विनियोजन भएकोमा सो रकमबाट भवन अपुरो हुने हुँदा हालका लागि रु २० लाख थप गरि निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो। साथै बहुवर्षिय योजनाको रुपमा अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं.- ४,

नगरपालिका स्तरीय लैङ्गीक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयन समितिमा तपसिल बमोजिमका व्यक्तिहरु लाई सदस्यको रुपमा मनोनित गर्ने निर्णय गरियो।

१,- का.पा. सदस्य - श्री युगमाया पैंगेनी

२,- " " - श्री हरिलाल बि.क

३,- लक्षित वर्गको क्षेत्रमा काम गर्ने संस्थाको तर्फबाट (दियालो संस्था) श्री विष्णु सुवेदी

४ -

निर्णय नं.- ५,

नगर स्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति समन्वय सहजिकरण कार्यान्वयन सुपरिवेक्षण तथा अनुगमन समितिमा तपसिल बमोजिमका व्यक्तिहरुलाई मनोनयन गर्ने निर्णय गरियो।

१) का.पा. सदस्य:- श्री अनु थापा

२) " सदस्य :- श्री लोकबहादुर कुमाल

३) " " :- श्री शान्ता थापा

४) लक्षित वर्गको क्षेत्रबाट:- श्री डेल बहादुर वि.क.

निर्णय नं.- ६.

नगरपालिकाको शिक्षा ऐनले तोके बमोजिम नगर शिक्षा समितिमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिमा मनोनित गर्ने निर्णय गरियो ।

१) श्री छविलाल आले, अध्यक्ष - महेन्द्र मा.वि., वालिङ - ५

२) श्री नमलाल डुम्रे, अध्यक्ष, सरस्वती मा.वि, वालिङ - १३

निर्णय नं.- ७.

वालिङ नगरपालिका अन्तरगत रहेको गह्रौं प्राथमिक अस्पताल संचालन तथा व्यवस्थापन समितिको सदस्यमा तपसिल बमोजिमका व्यक्तिहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

१, श्री बोधराज कुँवर

२, श्री देविमाया वि.क.

३, डा. श्री श्याम ब. कुँवर गुरुङ

४, श्री पदम राज गुरुङ

५, श्री श्याम कृष्ण श्रेष्ठ

६, श्री भरत वगाले

७, श्री तारा सुवेदी (म.स्वा.से.को तर्फबाट)

निर्णय नं.- ८

विपदका कारण सामान्य रुपमा क्षति भएको — सामुहिक सिंचाई कुलो र खानेपानीका लागि माग भएको पाइप जनसहभागीता समेत गराई विपद शिर्षकबाट उपलब्ध गराउने साथै बाढीका कारण कटान भएको भएको खेतबारीमा तटबन्धन गर्नका लागि नगरबाट वडाका लागि जालि उपलब्ध गराउने र उक्त जालि स्वयं किसान वा सरोकारवाला व्यक्तिले भर्न गरि विपद शिर्षकबाट थप जालि खरिद गरि सिधै उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.- ९

नगर क्षेत्रभित्र रहेका नगरको अधिकारी क्षेत्रका कालोपत्रे सडकहरुको क्षति हुन सक्ने स्थानहरुको पक्की नालाहरु सफाई गर्ने र सोको खर्च विपद शिर्षकबाट लिने निर्णय गरियो ।

निर्णय नं. - १०,

यस वर्षको वर्षातको समयमा ठूलो बाढी आउने सम्भावना रहेको मौसमविद्हरुबाट पूर्वानुमान भएकोहुँदा विपदको पूर्व तयारी स्वरुप वडा कार्यालयहरुका त्रिपाल। प्लास्टिक खानेपानीका पाइप लगाएतका अतिआवश्यक सामाग्रीहरु, तथा सशस्त्र प्रहरी बल ३० नं. गुल्म हेडक्वाटर वालिङ स्याङ्जा र वडा प्रहरी कार्यालयबाट विपद प्रतिकार्यका लागि अति आवश्यक उद्धार सामाग्रीहरु उपलब्ध गराउनका लागि सूचि प्राप्त भए बमोजिम प्राथमिकताका आधारमा सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. - ११,

वालिङ नगरपालिका वडा नं. ६ सुकौंदी पुलको माथितर्फ देखि बायाँखोला दोभान सम्मको ठेक्का पटक पटक सूचना आह्वान गर्दा समेत ठेक्का नलागेको हुँदा उक्त स्थान भित्र पर्ने श्री.प. सैनिक स्कुल नजिक रहेको डुड रहमा नजिक हेउमा रहेको नदिजन्य सामाग्री उत्खननका लागि मिति २०८१।१०।१३ गतेको वालिङ नगरपालिका विपद व्यवस्थापन समितिको निर्णयको आधारमा विभिन्न मितिको जिल्ला समन्वय समितिको अनुगमन तथा प्रतिवेदनको आधारमा उत्खनन गर्न दिएको नदीजन्य सामाग्रीहरुको उत्खनन हुँदा तोकिएको भन्दा बढी उत्खनन भएको भनि जिल्ला अनुगमन समितिको निर्णय तथा प्राविधिक प्रतिवेदनको आधारमा बढी उत्खनन भएकोले मिति २०८२।०२।२९ गते राजश्व परामर्श समितिको निर्णय बमोजिम जरिमाना रु ३० हजार र बढी हुन आउने उत्खनन सामाग्रीको राजश्व रकम रु २०५६३६.३५ भ्याट समेत असुलिका लागि सिफारिस भई आएकोले जरिवाना तथा राजश्व लिने निर्णय गरियो।

निर्णय नं. - १२

यस वालिङ नगरपालिका द्वारा संचालित सरसफाई केन्द्रको स्तरोन्नतीका लागि आ.व. २०८०।०८१ (ठेक्का नं.-४) मा मेसिनरी औजार खरीद तथा जडानका लागि गरिएको बोलपत्र आह्वान बमोजिम खैरावाङ्गी भगवती निर्माण सेवा जोजरकोट संग भएको सम्झौता बमोजिम सम्झौताको समयावधीमा मेसिनरी औजार खरीद तथा जडानकार्य सम्पन्न

हुन नसकेको अवस्थामा यस कार्यालयबाट पटक, पटक निजलाई पत्राचार गरि कार्यप्रगति माग गरिएको अवस्थामा कार्यप्रगति को विषयमा कार्यालयमा निवेदन पेश गरेको अवस्था र लामो समयदेखि उक्त सरसफाई केन्द्रमा मेशिनरी औजार जडान हुन नसकेकोले नगर कार्यपालिकाको २०८०।११।२४ गतेको निर्णय बमोजिम ठेक्का कित नतोड्ने भनी निर्णय भएकोहुदा सार्वजनिक खरीद ऐन २०६३ दफा ५९(७) अनुसारको प्रक्रिया अगाडी बढाउने भनि सूचना प्रकाशन भएको अवस्थामा निज — खैरावाङ्गो भगवती निर्माण सेवाले मिति २०८१।०१।१६ मा मिसिल सहित निवेदन पेश गरेकाले सो समयमा ठेक्काको म्याद सकिएको हुदा कार्य प्रक्रिया अगाडी बढ्न नसकेको अवस्थामा सार्वजनिक खरीद नियमावली २०६४को चौंथो सम्शोधन २०८२ को १२० 'क' मा खरीद सम्झौताको अवधि थप सम्वन्धी विशेष व्यवस्था भए बमोजिम नियम१२०मा उल्लेख भए बाहेकका देहाय बमोजिमको कार्य सम्पन्न हुन नसको अधुरो रहेको तर खरिद सम्झौताको म्याद सकिएको वा म्याद थप हुन नसकेका खरीद सम्झौताको हकमा आपुर्ती कर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकले पेश गरेको कार्य तालिका बमोजिम कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई म्याद थपको लागि राजपत्रमा प्रकाशित मिति भित्र यस कार्यालयमा निवेदन पेश गरेकाले पेश भए बमोजिम २०८२ भाद्र २५ गते सम्मका लागि म्याद थपगर्ने निर्णय गरियो।

निर्णय नं.- १३,

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचारबापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधी २०७८ बमोजिम यस नगरपालिका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुले अनुसूची १ बमोजिम चिकित्सक बाट प्रमाणित गरि उपचार खर्चका लागि निवेदन पेश गर्नुभएकोले यस नगरपालिकामा पूर्णरुपमा गरिबी परिचयपत्र वितरण भै नसकेकोले हाललाई वडा कार्यालयले विपन्न भनी गरिएको सिफारिस सहित पेश भएका प्रमाणित कागजात तथा संलग्न विवरणका आधारमा बिरामीहरुलाई मासिक रु ५०००।- का दरले एकमुष्ठ रकम —

सम्बन्धित विरामीको बैङ्क खातामा जम्मा गरिएकोले सो को अनुमोदन गर्ने निर्णय गरियो।

नगर कार्यपालिकाको ५६औं बैठक

आज मिति २०८२।०३।०९ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैहे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगा लाल सुवेदी | |

आमन्त्रीत:-
जि.स्वा.का. - कमल प्र. पाण्डे
लै.का. - इश्वरी प्र. तिवारी

निर्णय नं. - १,

मिति २०८२।२।२६ गतेको कार्यपालिका बैठकको समिक्षा गरियो।

निर्णय नं. - २,

वालिङ नगरपालिकाको आ.व. २०८२।०८३ को लागि नीति तथा कार्यक्रम मिति २०८२ साल असार १०गते बिहान ११ बजे नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. - ३,

वालिङ नगरपालिकाको आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रम मिति २०८२ साल असार १०गते बिहान १२.३० बजे नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. - ४

नगरपालिका द्वारा संचालित योजना/कार्यक्रम संचालन गर्न गठित योजना अनुगमन जाँचपास तथा फरफारक समितिले विभिन्न मितिमा अनुगमन गरि निर्णय गरेका योजना तथा कार्यक्रमहरुको प्रतिवेदन यस बैठकमा पेश भई छलफल हुँदा उक्त समितिको प्रतिवेदन एवं निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. - ५,

नगर प्रमुख स्तरीय गरिएका विभिन्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. - ६,

वालिङ नगरपालिकाको दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधी, २०८२ पारित गरियो।

निर्णय नं. - ६,

वालिङ न.पा.को तपसिल बमोजिमका कार्यविधी स्वीकृत गर्ने निर्णय गरियो।

१) वालिङ न.पा.को स्वास्थ्य बिमा ~~आर्थिक~~ ~~[illegible]~~ कार्यक्रम संचालन कार्यविधी, २०८२"

२) वालिङ न.पा.को आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८२,
३) वालिङ न.पा.को तालिम खर्च नियमित गर्ने कार्यविधि, २०८२,

निर्णय नं. -८

यस वालिङ नगरपालिका कार्यालयको राजस्व - परामर्श समितिको मिति २०८२।०२।११ गतेको निर्णयको सिफारिस बमोजिम आ.व. २०८२।०८३ को राजस्वका दररेटहरु निर्णय भई कार्यपालिकामा पेश हुन आएकोले सोही निर्णयका आधारमा आ.व. २०८२।०८३ को दररेट तथा राजस्वका शिर्षकहरु राजस्व परामर्श समितिको प्रतिवेदन समेत यस बैठकमा पेश भई छलफल हुँदा उक्त दररेटहरु स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. -९.

विषयगत योजना तर्जुमा समितिमा छलफल भई बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत नगर सभामा पेश गर्ने प्रयोजनार्थ आजको बैठकमा पेश हुन आएको आ.व २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम, वार्षिक आयव्ययको विवरण बजेट तथा सो सँग सम्बन्धित मध्यकालिन खर्च संरचना स्वीकृत गर्ने निर्णय गरियो ।